राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ९८ २०८३ कात्तिक १३ गते शुक्रवार (30 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

दश वर्षपछि हत्या अभियुक्त पक्राउ

दैनिक समाचारदाता

सर्लाही, ११ कात्तिक । सर्लाहीको रामनगरमा दश वर्षअघि भएको हत्याको घटनामा संलग्न रहेको आरोपमा फरार एक अभियुक्त पक्राउ परेका छन्।

कर्तव्य ज्यान मुद्दामा दश वर्षदेखि फरार रहेका रामनगर गाउँपालिका-३ (साबिक रामनगर बहुअर्वा) निवासी ५५ वर्षीय विजय रायलाई प्रहरीले घरबाटै पक्राउ गरेको हो।

प्रहरीका अनुसार रायसहितको समूहले २०७३ चैत १३ गते रामनगर गाउँपालिका-४ निवासी नागेन्द्रकुमार प्रसादमाथि कुटपिट गरेको थियो। कुटपिटबाट गम्भीर घाइते भएका प्रसादको सोही वर्ष चैत २३ गते उपचारका क्रममा काठमाडौँस्थित वीरेन्द्र सैनिक अस्पतालमा मृत्यु भएको थियो।

घटनापछि फरार रहेका रायलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक किशोर केसीले जानकारी दिनुभयो। पक्राउ परेका रायलाई कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि मलङ्गवास्थित कारागार चलान गरिएको प्रहरी निरीक्षक केसीले बताउनुभयो।

जलवायु संरक्षणमा विद्यार्थीलाई जोड्दै सभामुख यादव

वन विनाश र बढ्दो प्रदूषण जलवायु परिवर्तनका प्रमुख चुनौती भएको उल्लेख गर्दै युवा तथा महिलाको सक्रियताबाट यसको प्रभाव न्यूनीकरण गर्न सकिने धारणा

दैनिक समाचारदाता

जनकपुरधाम, १२ कात्तिक । जलवायु परिवर्तनका कारण बढ्दै गएको बाढी, पहिरो, अत्यधिक गर्मी र जनस्वास्थ्यसम्बन्धी जोखिम न्यूनीकरण गर्न मधेश प्रदेशका सभामुख रामअशिष यादवले विद्यार्थीलाई सचेत र सक्रिय बनाउन थालेका छन् । जलवायु परिवर्तनको प्रभाव कम गर्न राज्य, समाज र नागरिकले निर्वाह गर्नुपर्ने भूमिकाबारे जानकारी गराउने उद्देश्यले उनी क्याम्पसका विद्यार्थीमाझ पुगेर 'जलवायु संवाद' सञ्चालन गरिरहेका छन् ।

सभामुख यादवले वन विनाश, बढ्दो प्रदूषण, जनसंख्याको चाप र वातावरणीय सचेतनाको कमीलाई जलवायु परिवर्तनसँग जोडिएका प्रमुख चुनौतीका रूपमा औँल्याएका छन् । प्रकृति संरक्षणबिना मानव जीवन सुरक्षित हुन नसक्ने उल्लेख गर्दै उनले वातावरणीय सन्तुलन कायम गर्न युवा पुस्ताको सक्रिय सहभागिता आवश्यक रहेको बताएका छन् ।

जनकपुरधामस्थित सिद्धार्थ कलेजका विद्यार्थीहरूसँग डिजिटल माध्यमबाट जलवायु संवाद गर्दै सभामुख यादवले भने, "प्रकृतिलाई बचाएर मात्रै मानव जीवन बचाउन सकिन्छ र मानवको सक्रियताबाटै प्रकृतिको संरक्षण सम्भव हुन्छ ।"

उनले वातावरणीय विनाशका कारण प्राकृतिक विपद्को जोखिम बढ्दै गएको उल्लेख गर्दै वनजंगल संरक्षण र प्रदूषण नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

उनले गत असोज १० गते रसुवा जिल्लामा आएको बाढीको प्रसङ्ग उल्लेख गर्दै प्राकृतिक विपद्बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि वातावरण संरक्षणमा गम्भीर हुनुपर्ने बताए । वन विनाश र प्रदूषणले जलवायु तथा पर्यावरणीय जोखिम बढाउन सक्ने भएकाले विकास निर्माणका काम गर्दा प्रकृतिको संरक्षणलाई पनि उत्तिकै महत्त्व दिनुपर्ने उनको भनाइ थियो ।

"कलकारखाना र उद्योगधन्दा देशको विकासका लागि आवश्यक छन् । तर, औद्योगिक विकाससँगै वनजंगल पनि जोगाउनुपर्छ," उनले भने । नेपालमा करिब ४३ प्रतिशत र भुटानमा करिब ७० प्रतिशत भूभाग वनले ढाकेको उल्लेख गर्दै उनले वन संरक्षण, वृक्षरोपण र वातावरणमैत्री व्यवहारलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

जलवायु परिवर्तनको असर बाढीपहिरोमा मात्र सीमित नरहेको उल्लेख गर्दै सभामुख यादवले अत्यधिक गर्मी, तापक्रममा हुने असामान्य वृद्धि र त्यसबाट उत्पन्न हुन सक्ने स्वास्थ्य समस्याप्रति पनि सचेत रहन विद्यार्थीलाई आग्रह गरे । उनका अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न सरकारी नीति र कार्यक्रमसँगै नागरिकको व्यवहारमा परिवर्तन आउनु आवश्यक छ ।

"युवामा काम गर्ने ऊर्जा र परिवर्तन ल्याउने क्षमता हुन्छ । यही शक्तिलाई वातावरण संरक्षणमा लगाउन सके जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुग्छ," उनले भने । विद्यार्थीले आफ्नो परिवार, समुदाय र समाजमा वातावरण संरक्षणको सन्देश फैलाउन सक्ने

बाँकी पृष्ठ ४मा

सुशासनबाटै समृद्धि सम्भव : यादव

दैनिक समाचारदाता

सिरहा १२ कात्तिक । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादवले सुशासनको जग बलियो बनाएर शान्ति र समृद्धि हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

सिरहा नगरपालिका-१९, सनहैठामा आयोजित सुझाव सङ्कलन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सुशासनबिना शान्ति र समृद्धि सम्भव नहुने बताउनुभयो।

"वर्तमान सरकारले सुशासनको जग मजबुत बनाएर मात्रै शान्ति र समृद्धि सम्भव हुन्छ भन्ने मान्यताका साथ काम गरिरहेको छ," उहाँले भन्नुभयो।

स्थानीय जनताका समस्या बुझ्न, समाधानका उपाय खोज्न र सुझाव सङ्कलन गर्न रास्वपा गाउँटोलसम्म पुगिरहेको उहाँले बताउनुभयो।

मधेश प्रदेशका आठवटै जिल्लामा शिक्षा, स्वास्थ्य, सडक सञ्जाल, कृषि, धार्मिक तथा पर्यटकीयस्थलको विकास र सामाजिक न्यायका क्षेत्रमा सन्तुलित प्रगति हुन नसकेको जनगुनासो आएको उल्लेख गर्दै उहाँले प्राप्त सुझावलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो।

स्थानीय तहको निर्वाचनमा सुशासन कायम गर्दै विकासलाई गति दिन सक्ने उम्मेदवार छनोट गरिने उहाँको भनाइ थियो।

वर्तमान सरकारलाई गल्ती गर्ने छुट नरहेको उल्लेख गर्दै यादवले सरकारलाई सही मार्गमा अघि बढाउन नागरिकले पनि खबरदारी गर्नुपर्ने बताउनुभयो।

जनकपुर बोल्ट्सको पहिलो जित

दैनिक समाचारदाता

काठमाडौँ १२ कात्तिक । नेपाल प्रिमियर लिग (एनपीएल) मा जनकपुर बोल्ट्सले पहिलो जित निकालेको छ। बिहीबार भएको खेलमा जनकपुरले काठमाडौँ गोर्खाजलाई ८ विकेटले पराजित गरेको हो।

काठमाडौँले दिएको ११६ रनको लक्ष्य जनकपुरले १७.२ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो। जनकपुरको जितमा मोइन अलीले अर्धशतकीय पारी खेल्दै महत्त्वपूर्ण योगदान दिए।

यसअघि प्रतियोगिताको पहिलो खेलमा जनकपुर कर्णाली याक्ससँग पराजित भएको थियो। पहिलो खेल खेलेको काठमाडौँ गोर्खाजले भने प्रतियोगितामा हार बाट सुरुआत गरेको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

सम्पादकीय

परम्परागत सीप र स्थानीय बजारको संरक्षण

दीपावली र छठ पर्व नजिकिएसँगै मधेसका बजारमा माटो र बाँसबाट बनेका परम्परागत सामग्रीको बिक्री बढेको छ। कुमाल र डोम समुदायका कारीगरहरू यतिबेला दियो, भाँडाकुँडा, कोनिया, नाङ्लो, ढाकीलगायतका सामग्री बनाउन व्यस्त छन्। चाडपर्वको यो चहलपहलले उनीहरूका लागि अतिरिक्त आम्दानीको अवसर सिर्जना गरेको छ। तर, मौसमी व्यापारमा देखिएको उत्साहले मात्र परम्परागत पेसामा आबद्ध समुदायको आर्थिक अवस्था सुदृढ हुन सक्दैन। उनीहरूको श्रमको उचित मूल्य, बजारको सुनिश्चितता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीपको संरक्षणमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ।

दीपावली र छठ मधेसको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनसँग गहिरो रूपमा जोडिएका पर्व हुन्। दीपावलीमा माटोका दियो बाल्ने र छठमा बाँसबाट बनेका सामग्रीमा पूजाका सामग्री सजाउने परम्पराले स्थानीय उत्पादनलाई विशेष महत्त्व दिएको छ। यी सामग्री केवल पूजाआजामा प्रयोग हुने वस्तु मात्र होइनन्, मधेसको मौलिक पहिचान, परम्परागत कला र सामुदायिक सम्बन्धका प्रतीक पनि हुन्। त्यसैले यिनको संरक्षण गर्नु भनेको पुस्तौंदेखि जीवित रहेको संस्कृति र त्यससँग जोडिएको जीविकोपार्जनको आधार जोगाउनु पनि हो।

विशेषगरी कुमाल र डोम समुदायका लागि दीपावलीदेखि छठसम्मको समय आम्दानीको महत्त्वपूर्ण अवसर हो। अन्य समयमा खेतबारीमा मजदुरी गरेर जीविका चलाउनुपर्ने कतिपय कारीगरले यही मौसममा आफ्नो सीपमार्फत अतिरिक्त कमाइ गर्छन्। बाँसका सामग्री बनाउँदै आएका कारीगरका अनुसार चाडपर्वमा कारोबार बढे पनि कच्चा पदार्थको मूल्यवृद्धि र बजारमा तयारी सामग्रीको प्रतिस्पर्धाका कारण नाफा अपेक्षाअनुसार बढ्न सकेको छैन। यसले एउटा गम्भीर प्रश्न उठाउँछ–बजारमा माग बढ्दा पनि उत्पादन गर्ने कारीगरको आर्थिक अवस्थामा अपेक्षित सुधार किन हुन सकेको छैन?

स्थानीय सीपबाट उत्पादित सामग्रीको बजार विस्तार हुन नसक्नु र कच्चा पदार्थको लागत बढ्दै जानु परम्परागत पेसाका प्रमुख चुनौती हुन्। बजारमा सस्तो मूल्यका औद्योगिक तथा तयारी सामग्री उपलब्ध हुन थालेपछि स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न कठिन भएको छ। अर्कोतर्फ, माटो र बाँसका सामग्रीको माग विशेष अवसरमा मात्रै बढ्ने भएकाले वर्षभरि नियमित आम्दानीको आधार बन्न सकेको छैन। यस्तो अवस्थामा कारीगरलाई केवल चाडपर्वमा सामग्री बिक्री गर्न प्रोत्साहित गरेर पुग्दैन। उनीहरूको पेसालाई वर्षभरि आम्दानी दिन सक्ने आर्थिक तथा व्यावसायिक आधार तयार गर्नुपर्छ।

स्थानीय तह, सहकारी संस्था र उद्योग वाणिज्य संघले परम्परागत कारीगरको सीप संरक्षण र बजार प्रवर्द्धनका लागि ठोस कार्यक्रम ल्याउनुपर्छ। कच्चा पदार्थ सहज र सहुलियत मूल्यमा उपलब्ध गराउने, उत्पादनको गुणस्तर सुधार गर्ने, उचित मूल्य सुनिश्चित गर्ने तथा स्थानीय उत्पादनको नियमित बिक्रीका लागि बजार व्यवस्थापन गर्ने काम आवश्यक छ। स्थानीय मेला, प्रदर्शनी र सांस्कृतिक उत्सवमा यस्ता सामग्रीलाई प्राथमिकता दिन सकिन्छ। साथै, नयाँ पुस्तालाई परम्परागत सीप सिकाउन तालिम र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसबाट पुरानो सीपको पुस्तान्तरणसँगै रोजगारीका अवसरसमेत विस्तार हुन सक्छन्।

स्थानीय उत्पादनको खरिदबिक्री बढ्दा आम्दानी स्थानीय समुदायमै रहने र जिल्लाभित्र आर्थिक गतिविधि विस्तार हुने सम्भावना बढ्छ। त्यसैले उपभोक्ताले पनि चाडपर्वमा सम्भव भएसम्म स्थानीय कारीगरले बनाएका सामग्री खरिद गर्ने बानी विकास गर्नुपर्छ। स्थानीय उत्पादनको प्रयोगले परम्पराको निरन्तरता कायम गर्नुका साथै श्रम र सीपप्रति सम्मान व्यक्त गर्छ।

दीपावली र छठको वास्तविक उत्सव धार्मिक आस्था र सांस्कृतिक परम्परामा मात्र सीमित हुनु हुँदैन। यी पर्वले समाजका सबै समुदायको श्रम, सीप र सम्मानलाई पनि जोड्न सक्नुपर्छ। कुमाल र डोम समुदायका कारीगरले बनाएका सामग्रीको उपयोग गर्ने तर उनीहरूको आर्थिक कठिनाइप्रति उदासीन रहने प्रवृत्तिले परम्पराको संरक्षण हुन सक्दैन। परम्परागत सामग्रीको प्रयोगसँगै त्यसलाई बनाउने हातको सम्मान, उचित पारिश्रमिक र दिगो जीविकोपार्जन सुनिश्चित गर्नु आजको आवश्यकता हो। स्थानीय सीप जोगिए संस्कृति जीवित रहन्छ, कारीगरको जीवनस्तर सुध्रिए मात्र त्यो संस्कृति पुस्तौंसम्म हस्तान्तरण हुन सक्छ।

अब कुनै महाशक्ति रहेन

कार्ल बिल्ट

यस वर्ष 'मध्यम शक्ति' भन्ने शब्द प्रचलनमा आएसँगै कुन देशहरू साँच्चिकै यस समूहमा पर्छन् भन्ने प्रश्न उठेको छ। अधिकांश देशलाई यसरी नै वर्णन गर्न सकिँदैन र ?

जनवरीमा डाभोसमा आयोजित विश्व आर्थिक मञ्चमा दिएको चर्चित भाषणमार्फत क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले आजको विश्वमा परिवर्तन हुँदै गएको शक्ति संरचनाबारेको बहसलाई पुनर्जीवित गरे। उनको विचारमा, हामी विश्व व्यवस्थाको 'विखण्डन' देखिरहेका छौँ। यस परिस्थितिमा अरूले गर्ने आर्थिक दबाब र राजनीतिक प्रभुत्वको प्रतिरोध गर्न मध्यम शक्तिहरूले सहकार्य गर्नुपर्नेछ। कार्नीले संयुक्त राज्य अमेरिकाको नाम त लिएनन् तर राष्ट्रपति डोनाल्ड ट्रम्पले उनका केही टिप्पणी आफूलाई लक्षित गरिएको हो भन्ने तुरुन्तै अनुमान लगाए जुन सही पनि थियो।

तर कार्नीले मनमा राखेका मध्यम शक्तिहरूलाई अहिलेका अन्य शक्तिहरूबाट कसरी छुट्याउने ? छुट्याउनैपर्ने हो भने कुन आधारमा ? सायद यसको जवाफ खोज्न अरू शक्तिहरूबारे छलफल गर्नु उपयुक्त हुन्छ।

केही समयअघिसम्म 'महाशक्ति' शब्द विश्व मञ्चमा अरू राष्ट्रभन्दा बढी शक्ति प्रयोग गर्न सक्ने राष्ट्र राज्यका लागि प्रयोग गरिन्थ्यो। दोस्रो विश्वयुद्धपछि यो शब्द संयुक्त राज्य अमेरिका र सोभियत संघका लागि मात्र नभई केही समयका लागि बेलायती साम्राज्यका लागि पनि प्रयोग गरिएको थियो। त्यसपछिका दशकहरूमा यी दुई निर्विवाद महाशक्तिको पहिचान उनीहरूको विशाल आणविक हतियार भण्डारबाट हुन्थ्यो। दुवैसँग दसौं हजार आणविक वारहेड थिए र केही मिनेटमै विश्वको जुनसुकै ठाउँमा ती हतियार पुर्‍याउन सक्ने क्षमता थियो। त्यस्तो आक्रमणबाट जोगिन प्रतिरक्षा गर्ने सम्भावना लगभग थिएन। प्रत्येकसँग आधा घन्टाभित्र अर्कोलाई पूर्ण रूपमा नष्ट गर्न सक्ने शक्ति थियो।

समय बित्दै जाँदा अन्य देशले पनि आणविक हतियार प्राप्त गरे। तर ती दुई महाशक्तिको स्तरमा पुग्ने हतियार भण्डार विकास गर्ने क्षमता वा इच्छाशक्ति अरू कसैसँग थिएन। त्यसपछि सोभियत संघको पतन भयो र 'महाशक्ति' शब्दको प्रयोग पनि घट्दै गयो। अमेरिकालाई अझै पनि कहिलेकाहीँ महाशक्ति भनिन्थ्यो। तर छोटो अवधिको 'एकध्रुवीय युग' मा त्यसका लागि नयाँ शब्दसमेत प्रचलनमा आयो। सन् १९९७ देखि २००२ सम्म फ्रान्सका परराष्ट्रमन्त्री रहेका ह्युबर्ट भेद्रिनले अमेरिकालाई 'हाइपरपुइसान्स' (जथउभचउगष्ककबलअभ) अर्थात् अतिमहाशक्ति भनेका थिए।

आज पनि अमेरिका अत्यन्त शक्तिशाली छ। रुससँग पनि विश्वकै सबैभन्दा ठूलो आणविक हतियार भण्डारमध्ये एक र विशाल सैन्य स्रोतसाधन छन्। तर दुवै देशको शक्ति उनीहरूका स्पष्ट सीमितताबाट झन् बढी परिभाषित हुन थालेको छ। विशाल परम्परागत सैन्य शक्ति परिचालन गर्दा पनि रुसले आफूभन्दा निकै सानो छिमेकी युक्रेनलाई अधीनमा राख्न सकेको छैन। त्यस्तै, ट्रम्पले आफ्नो देशको सैन्य शक्तिबारे निरन्तर घमण्ड गरे पनि इरानमाथिको उनको युद्धले अहिलेसम्म तेलको मूल्य बढाउने र अस्थिरता निम्त्याउने गतिरोधबाहेक खासै उपलब्धि हासिल गरेको छैन।

आफैँले रोजेका युद्धमा विजय हासिल गर्न असफल हुनुले अमेरिका र रुस अब 'महाशक्ति' कहलिन योग्य नरहेको देखाउँछ। के उनीहरूलाई अझै पनि महान् शक्ति भन्न सकिन्छ ? वा अन्ततः उनीहरू पनि मध्यम शक्तिको फराकिलो समूहमा पर्छन् ?

जे भए पनि, महाशक्तिको युग समाप्त भएको छ। नाममात्रका सबैभन्दा शक्तिशाली देशहरूका पनि गम्भीर सीमितता छन्। उनीहरूले यो वास्तविकता स्वीकार गरेका छन् वा छैनन् भन्नेले फरक पार्दैन। उनीहरूको शक्तिको सीमा उजागर भइसकेको छ।

मध्यम शक्तिहरू आकार र प्रकृतिका हिसाबले फरक फरक हुन्छन्। तर तिनमध्ये अधिकांशलाई आफ्नो हैसियतको कम्तीमा पनि बोध छ। भारत, ब्राजिल वा क्यानाडामध्ये कुनै पनि देशले आफ्नो राजनीतिक परिवेशलाई इच्छाअनुसार ढाल्न सैन्य शक्ति प्रयोग गर्न सक्दैन। बरु, प्रभाव विस्तार गर्न उनीहरू आर्थिक सहकार्य र राजनीतिक सम्बन्ध निर्माणमा निर्भर रहनुपर्छ। र यही कुरा अमेरिका, रुस र युरोपेली संघजस्ता ठूला तथा बढी शक्तिशाली पक्षमा पनि लागू हुन्छ।

स्वर्गीय जोसेफ नाइ का विचारबाट आजका मध्यम शक्तिहरूले अझै धेरै कुरा सिक्न सक्छन्। उहाँले अन्तर्राष्ट्रिय सम्बन्धमा आकर्षणमार्फत प्रभाव पार्ने र दबाब वा बल प्रयोग गरेर आफ्नो कुरा मनाउने उपायबीचको भिन्नता स्पष्ट पार्न 'मृदु शक्ति' (कयात उयधभच) को अवधारणालाई प्रख्यात बनाभएका थिए। सैन्य क्षमताले 'कडा शक्ति' (जबचम उयधभच) प्रदान गर्छ भने मृदु शक्ति नाइको शब्दमा 'आकर्षणको शक्ति' सांस्कृतिक निर्यात, आर्थिक सम्बन्ध, कूटनीति, सद्भावना र वर्षौं लगाएर निर्माण गरिएको विश्वासबाट प्राप्त हुन्छ। सायद विश्वका मध्यम शक्तिहरूलाई यही आधारमा परिभाषित गर्न सकिन्छ - ती देश जो मुख्यतः मृदु शक्तिमा निर्भर रहन बाध्य छन्।

निश्चय नै, केही देशले अझै पनि ठूला महत्त्वाकाङ्क्षा पाल्नेछन्। अरूलाई आफ्नो इच्छाअनुसार चलाउन कडा शक्ति नै पर्याप्त हुन्छ भन्ने भ्रम उनीहरूले पालिरहनेछन्। आफ्नो हैसियत खस्किएको अनुभूति गर्न उनीहरूलाई केही समय लाग्न सक्छ। तर मस्को वा वासिङ्टनमा बस्नेहरूले आफूलाई जे भने पनि वास्तविकता यही हो विश्व बदलिएको छ। अब कुनै महाशक्ति छैन।

CopyrightM Project Syndicate, २०२६.

(स्विडेनका पूर्वप्रधानमन्त्री तथा पूर्वपरराष्ट्रमन्त्री)

तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

आवश्यक टेलिफोन नम्बरहरू

एम्बुलेन्स

मिथिला युवा समाज नेपाल	९८४४१०४३४४,०४१-५२८९०६
श्री गणेश युवा कमिटी	९८०१६२५४२४,९८५४०२७७०३
श्री विश्वकर्मा युवा कमिटी	९८१५८९४४९५,९८१२०९२४८५
सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार)	९८४४९९०५,९८०४८०५६४३
माँ सहयोगी नेपाल (देवडिहा-१)	९८०१६०४३८९
नव मिथिला युवा कमिटी	९८५४०२८३०३,९८०७८९९८८१
मिथिला स्वास्थ्य सहकारी संस्था	९८५४०२२४७४,९८०१६२२४७४
रामानन्द युवा क्लव	९८०४८२७४०५
एम्बुलेन्स रेडक्रस	१०२,०४१-५२०८७०
मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स	९८१५८९३००५,०४१-५२५४४८
धनुषा अस्पताल पा.लि.	५२४७७०, ५२५८००

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय	०४१-५२००९९,१००
सशस्त्र प्रहरी बल मुजेलिया	०४१-५२७९०५,५२७२१३
सुरक्षा गुल्म जनकपुर ब्यारेक	०४१-५२६५८६
ट्राफिक प्रहरी कार्यालय जिरोमाइल	०४१-५२०३६६
जानकी प्रहरी चौकी जानकी चौकी	०४१-५२०३४४
इलाका प्रहरी कार्यालय स्टेशन	०४१-
मुजेलिया प्रहरी चौकी	०४१-५२०७५०
हनुमान नगर प्रहरी चौकी	
प्रहरी चौकी बलवा टोल	

अस्पतालहरू

जनकपुर अञ्चल अस्पताल	०४१-५२००३३
जिल्ला जनस्वास्थ्य कार्यालय	०४१-५२०६२८, ५२६२७१
धनुषा अस्पताल पा.लि.	५९०८००, ५२५८००
आँखा अस्पताल	०४१-५२०३९७
बछार प्रसुति केन्द्र	५२२४५७

महत्वपूर्ण कार्यालयहरू

जनकपुर उपमहानगरपालिका	०४१-
बरुण यन्त्र जउमनपा	०४१-५२००११
बस पार्क	०४१-५२०९९८
जनकपुर विमान स्थल	०४१-५२००४४
बुद्ध एयर	०४१-५२५०२१, ५२५०२२
यति एयर	०४१-५२५००४७, ५२५०२२
विद्युत फयुज शाखा	०४१-५२०१५१
जानकी केवुल	०४१-५२३७२८
शाह केबुल	०४१-५२४७२२

अपराध

अस्तित्व र अधिकारको खोजीमा मालती

कैलाश दास

मालती (परिवर्तित नाम) १७ वर्षकी हुँदा बलात्कारको सिकार भइन् । जन्मिएको एक वर्ष नपुग्दै आमाले उनलाई छाडेर अर्कैसँग गइन् । वैदेशिक रोजगारीका क्रममा बुवाको मृत्यु भयो । न आमाको नागरिकता छ, न बुवाको मृत्यु दर्ताको प्रमाणपत्र । विडम्बना, बलात्कारजस्तो जघन्य अपराधको पीडा भोगेकी उनी अहिले अदालतबाट पाएको न्यायको लाभ लिनसमेत असमर्थ छिन् ।

बुवाको विदेशमा मृत्यु भएपछि आमाले उनलाई छाडेर अर्के व्यक्तिसँग गइन् । त्यसपछि फुपूले उनको पालनपोषण गरिन् । उमेर बढ्दै जाँदा आफ्नो पेट पाल्न आफैँ काम गर्नुपर्ने बाध्यता आइलाग्यो । फुपूले गाउँनजिकै रहेको एउटा कारखानामा काम लगाइदिए । उनी त्यहीँ मजदुरी गरेर जसोतसो जीवन गुजार्न थालिन् ।

तर गरिबी र असहायताले थिचिएको उनको जीवनमा अर्को भयावह घटना थपियो । राम्रो काम लगाइदिने प्रलोभन देखाएर स्थानीय एक व्यक्तिले उनलाई आफ्नो जालमा पारे । हातखुट्टा बाँधेर विद्युतको करेन्ट लगाउँदै बलात्कार गरेको घटनाले उनको जीवन नै बदलिदियो । प्रतिकारका क्रममा उनका हातका दुईवटा औँलासमेत काट्नुपर्‍यो । त्यसपछि सामान्य काम गर्नसमेत उनलाई कठिन हुन थालेको छ ।

यो घटना महोत्तरीको रामगोपालपुर नगरपालिका(३, दोलाठीको हो । अहिले मालती १८ वर्षकी भइसकेकी छन् । उनलाई बलात्कार गर्ने व्यक्ति पक्राउ परे । मुद्दा अदालतसम्म पुग्यो र अदालतले पनि फैसला सुनायो । दोषीलाई जेल सजायसँगै पीडितलाई अढाई लाख रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने निर्णय भयो । लामो संघर्षपछि अदालतबाट न्याय पाउँदा मालतीले आफ्नो पीडाको सुनुवाइ भएको महसुस गरिन् होला । तर उनको दुःखको अध्याय त्यतिमै समाप्त भएन ।

अदालतको फैसला भएको कैयौँ महिना बितिसक्दा पनि उनले क्षतिपूर्तिबापत पाउनुपर्ने अढाई लाख रुपैयाँ प्राप्त गर्न सकेकी छैनन् । कारण एउटै छ(उनको नागरिकता छैन ।

आफ्नो पीडाविरुद्ध न्यायिक लडाइँ लडेकी मालती अहिले आफ्नै पहिचान प्रमाणित गर्नुपर्ने अर्को कठिन संघर्षमा छिन् । नागरिकता बनाउन सबैभन्दा पहिले उनले काकालाई आग्रह गरिन् । तर काकाले सहयोग गर्न मानेनन् । त्यसपछि गाउँसमाजका अगुवासँग हारगुहार गरिन् । जनप्रतिनिधिसमक्ष पुगेर आफ्नो समस्या सुनाइन् । कतैबाट पनि अपेक्षित सहयोग पाउन सकिनन् । उनलाई नागरिकता दिलाउन आवश्यक प्रमाण जुटाएर आउन भनियो । तर प्रमाण जुटाउने बाटो देखाउने र आवश्यक सहजीकरण गर्ने जिम्मेवारी कसैले लिएन ।

आफन्तले सहयोग नगर्नुको पछाडि सम्पत्तिसम्बन्धी स्वार्थ जोडिएको आशङ्का मालतीको छ । काकाले नागरिकता बनाइदिए आफ्नो बुवाको अंशमा पर्ने सम्पत्ति उनीसँग बाँड्नुपर्ने चिन्ता गरेको हुन सक्ने उनको बुझाइ छ । यही आशङ्काले उनी आफ्नै परिवारभित्र पनि असहाय बनेकी छन् ।

अन्ततः सबैतिरबाट निराश भएपछि मालती मानव अधिकारकर्मीहरूको सम्पर्कमा पुगिन् । उनको नागरिकता प्राप्तिका लागि मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था इन्सेकले पहल गरिरहेको छ । वडा कार्यालयबाट सिफारिससमेत भइसकेको छ । तर जिल्ला प्रशासन कार्यालय महोत्तरीमा प्रक्रिया अघि बढ्न सकेको छैन । आफन्तको सिफारिस आवश्यक परेको र काकाले सहयोग गर्न नमानेको अवस्थाले उनको नागरिकता प्राप्तिको बाटो थप कठिन बनेको छ ।

मालतीको समस्या केवल एउटा कागजको अभाव होइन । यो राज्यको नागरिकका रूपमा आफ्नो पहिचान स्थापित गर्न नपाएकी एउटी युवतीको अस्तित्व, अधिकार र सम्मानसँग जोडिएको प्रश्न हो । नागरिकता नहुँदा उनी अदालतले तोकेको क्षतिपूर्ति पाउनबाट वञ्चित छिन् । शारीरिक रूपमा अशक्त बनेपछि काम गरेर जीवन चलाउनसमेत कठिन भइरहेको छ । यस्तो अवस्थामा न्याय पाइसकेपछि पनि त्यसको लाभ लिन नसक्नु उनको पीडामाथि अर्को पीडा थपिनु हो ।

कहिलेकाहीँ उनी आफैँसँग प्रश्न गर्छिन्(के गरिब परिवारमा जन्मिनु अपराध हो ? वैदेशिक रोजगारीमा रहेका बुवाको मृत्यु हुनु उनको गल्ती हो ? काखमै हुँदा आमाले छाडेर जानु उनको दोष हो ? यीमध्ये कुनै पनि घटनामा उनको कुनै भूमिका थिएन । तर तिनै परिस्थितिको मूल्य उनले आजसम्म चुकाइरहेकी छन् ।

जन्मिनु उनको अपराध थिएन । आमाबुवाको अवस्था उनको नियन्त्रणमा थिएन । तर अहिले नागरिकता नहुँदा उनी आफ्नै अधिकारका लागि अरूको मुख ताक्न बाध्य छिन् । अदालतले न्याय दिएको छ, तर त्यो न्यायको प्रतिफल प्राप्त गर्न पनि उनले अरूको सहयोग कुर्नुपरेको छ ।

मालतीको जीवनले एउटा गम्भीर प्रश्न उठाएको छ(राज्यले नागरिकलाई अधिकार दिने हो कि कागजको अभाव देखाएर अधिकारबाट वञ्चित गर्ने हो ? नागरिकता प्राप्तिको प्रक्रिया पूरा गर्न आवश्यक कानुनी प्रमाण जुटाउनु महत्त्वपूर्ण भए पनि असहाय र अभिभावकविहीन व्यक्तिको हकमा राज्यका निकायले सहजीकरण गर्नु उत्तिकै आवश्यक छ ।

त्यस रात मालतीमाथि के भएको थियो ?

रातको सन्नाटा गहिरिँदै थियो । दिनभरि काम गरेर थाकेकी मालतीका लागि त्यो पनि अरू रातजस्तै सामान्य रात हुनुपर्ने थियो । तर उनलाई के थाहा, राम्रो काम दिलाइदिने प्रलोभनबाट सुरु भएको सम्पर्कले उनको जीवनकै सबैभन्दा भयावह अनुभवको रूप लिनेछ ।

उपलब्ध प्रहरी अनुसन्धान तथा अभियोगपत्रमा उल्लेख भएअनुसार, आरोपित व्यक्तिले फोन गरेर उनलाई बोलाएका थिए । विभिन्न प्रलोभन देखाएर आफ्नो घरमा बोलाइएकी मालतीमाथि त्यहीँ जबर्जस्ती करणी गरिएको पीडितको बयानमा उल्लेख छ । घटनासम्बन्धी कागजात अनुसार, त्यो रात उनीमाथि पटकपटक जबर्जस्ती करणी भएको आरोप लगाइएको छ ।

आफ्नो शरीर र अस्मिताको रक्षा गर्न उनले प्रतिकार गर्ने प्रयास गरिन् । तर त्यो प्रतिकार नै उनका लागि थप शारीरिक पीडाको कारण बन्यो । उपलब्ध कागजातमा उल्लेखित विवरणअनुसार, विद्युतको करेन्टका कारण उनी गम्भीर रूपमा घाइते भइन् । उपचारका क्रममा उनका हातका केही औँला काट्नु पर्‍यो ।

उनको शरीरमा लागेको चोट देख्न सकिन्थ्यो । तर मनमा परेको चोट कति गहिरो थियो भन्ने कुरा बाहिरबाट अनुमान गर्न सहज थिएन । आफ्नै जीवनको सुरक्षाका लागि संघर्ष गर्नुपर्ने उमेरमा उनले हिंसा, भय र शारीरिक क्षतिको सामना गर्नुपर्‍यो । त्यस घटनाले उनको आत्मविश्वास र भविष्यप्रतिको आशामा समेत गहिरो असर पारेको छ ।

घटनापछि आरोपित व्यक्तिले उनलाई उपचारका लागि अस्पताल पुर्‍याएका थिए र त्यसपछि फरार भएका थिए । प्रहरी अनुसन्धानका क्रममा विभिन्न व्यक्तिका भनाइ, घटनास्थलको मुचुल्का तथा अन्य प्रमाण संकलन गरिएको छ ।

घटनापछि मालतीका लागि उपचार गराउनु मात्र चुनौती थिएन । आफूले भोगेको हिंसाबारे बोल्नु, प्रहरीलाई बयान दिनु र न्यायका लागि कानुनी प्रक्रिया अघि बढाउनु पनि कम कठिन थिएन । हिंसापीडितले आफ्नो पीडा सार्वजनिक गर्दा समाजले उल्टै उनीमाथि प्रश्न उठाउने र दोष थोपर्ने जोखिम रहन्छ । यस्तो अवस्थामा आफ्नो अनुभव सुनाउनु र न्यायका लागि निरन्तर लागिरहनु साहसकै काम हो ।

मालतीले भने आफ्नो पीडालाई मौनताभित्र दबाएर राखिनन् । उनले न्यायका लागि कानुनी बाटो रोजिन् । प्रहरी अनुसन्धानबाट सङ्कलित बयान, स्वास्थ्य परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का तथा अन्य प्रमाणका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले महोत्तरी जिल्ला अदालतमा अभियोगपत्र पेस गरेको उपलब्ध कागजातबाट देखिन्छ ।

अभियोगपत्रमा आरोपित व्यक्तिमाथि जबर्जस्ती करणी र अङ्गभङ्गसम्बन्धी कसुरको आरोप लगाइएको थियो । पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने मागसमेत गरिएको थियो । यी विवरण अभियोजन पक्षका दाबी हुन् । आरोपितको दोष तथा कानुनी दायित्वका सम्बन्धमा अदालतको फैसला नै आधार मान्नुपर्छ ।

अन्ततः मालतीको मुद्दामा अदालतले फैसला सुनायो । दोषीलाई कैद सजाय र पीडितलाई अढाई लाख रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने निर्णय भयो । तर अदालतको फैसला कार्यान्वयनको चरणमा उनको नागरिकता अभाव बाधक बन्यो । हिंसाविरुद्ध न्यायको ढोका ढकढक्याएकी उनी अहिले आफ्नै पहिचान स्थापित गर्न नसक्दा क्षतिपूर्तिसमेत प्राप्त गर्न नसक्ने अवस्थामा छिन् ।

मालतीको कथा एउटा व्यक्तिको पीडामा मात्र सीमित छैन । यसले हिंसापीडितले न्याय खोज्ने क्रममा भोग्नुपर्ने कठिनाइ र न्याय प्राप्त गरिसकेपछि पनि अधिकार उपभोग गर्न नसक्ने अवस्थालाई उजागर गर्छ । शारीरिक चोटको उपचार हुन सक्छ, तर हिंसाले मनमा पारेको असरबाट मुक्त हुन समय, साथ र संवेदनशील व्यवहार आवश्यक हुन्छ । त्यसका साथै पीडितलाई आर्थिक, सामाजिक र कानुनी रूपमा पुनःस्थापित गर्न राज्यका निकायको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।

यस्तो अवस्थामा परिवार, समुदाय, प्रहरी, स्वास्थ्यकर्मी, सरकारी वकिल र अदालत सबैको जिम्मेवारी महत्त्वपूर्ण हुन्छ । पीडितको गोपनीयता कायम राख्ने, सम्मानजनक व्यवहार गर्ने, आवश्यक उपचार तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने र कानुनी प्रक्रियामा सहज पहुँच सुनिश्चित गर्ने काम राज्य र समाज दुवैले गर्नुपर्छ । न्याय मागेकै कारण पीडितले थप अपमान, सामाजिक बहिष्कार वा दोषारोपण सहनुपर्ने अवस्था आउनु हुँदैन ।

मालतीको कथा समाजको संवेदनशीलता र राज्यको जवाफदेहिताको परीक्षा पनि हो । हिंसाका घटनामा निष्पक्ष अनुसन्धान र न्यायिक प्रक्रिया आवश्यक हुन्छन् । त्यत्तिकै महत्त्वपूर्ण कुरा, पीडितलाई न्यायको अनुभूति हुने गरी फैसला कार्यान्वयन गर्नु र उनको जीवन पुनःस्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराउनु हो ।

न्यायको अर्थ दोषीलाई सजाय दिनुमा मात्र सीमित हुँदैन । पीडितले पाउनुपर्ने क्षतिपूर्ति उपलब्ध गराउनु, उनको पहिचान र अधिकार सुनिश्चित गर्नु तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिनु पनि न्यायका अभिन्न पक्ष हुन् ।

मालतीले अदालतबाट न्याय पाइसकेकी छन्। तर नागरिकता नहुँदा उनको न्याय अधुरो छ। अब प्रश्न जिल्ला प्रशासन कार्यालय, स्थानीय जनप्रतिनिधि र सम्बन्धित निकायसामु छ(कानुनी प्रक्रिया पूरा गर्न आवश्यक सहजीकरण गरेर उनलाई नागरिकता दिलाउने र अदालतले तोकेको क्षतिपूर्ति प्राप्त गर्ने बाटो खोल्ने कि उनलाई अझै अनिश्चितताको अँध्यारोमा छाडिरहने ?

जन्मिनु उनको अपराध थिएन । आमाबुवाको परिस्थितिका लागि उनी दोषी थिइनन् । हिंसाको सिकार हुनु पनि उनको गल्ती थिएन । तैपनि आज उनी आफ्नै पहिचान र अधिकारका लागि संघर्षरत छिन् । मालतीलाई नागरिकता दिलाउनु केवल एउटा प्रमाणपत्र उपलब्ध गराउनु होइन; उनलाई सम्मानपूर्वक बाँच्ने, आफ्नो अधिकार उपभोग गर्ने र न्यायको वास्तविक अनुभूति गर्ने अवसर प्रदान गर्नु हो ।

नोट : यो लेख वास्तविक घटनामा आधारित छ । पात्रहरूको नाम परिवर्तन गरी र केही विवरण गोप्य राख्दै यसलाई कथाका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

धानबालीमा रोगको प्रकोप, उत्पादन घट्ने चिन्ता

वीरेन्द्र कर्ण

जनकपुरधाम, १२ कात्तिक । धनुषामा धानबालीमा विभिन्न रोगको प्रकोप देखिएपछि यस वर्ष धान उत्पादन घट्ने चिन्ताले किसानलाई सताएको छ। कृषि ज्ञान केन्द्र धनुषाका अनुसार जिल्लामा लगाइएको धानबालीमध्ये पाँच प्रतिशतभन्दा बढीमा विभिन्न रोगको सङ्क्रमण देखिएको छ। कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीपकुमार यादवका अनुसार यस वर्ष जिल्लामा ९५ प्रतिशत रोपाइँ भएको छ। अहिले धानबालीमा विभिन्न रोग तथा किराको प्रकोप देखिन थालेको उहाँले बताउनुभयो। रोगको सङ्क्रमण देखिएका क्षेत्रमा किसानलाई प्राविधिक सेवा उपलब्ध गराउँदै आएको उहाँको भनाइ छ।

धानबालीमा मुख्यगरी राइस ब्लास्ट, ब्राउन लिफ, ब्लास्ट र सिथ ब्लाइटलगायतका रोगको सङ्क्रमण देखिएको छ। यी रोगबाट विशेषगरी सोना मन्सुली धान बढी प्रभावित भएको बताइएको छ।

नेपाल सरकारबाट मान्यता प्राप्त नभएको भारतीय जातको सोना मन्सुली धान बढी उत्पादन दिने भएकाले धनुषाका करिब ५० प्रतिशत किसानले यसको खेती गर्दै आएका छन्।

धनुषामा ४३ हजार सात हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकोमा यस वर्ष किसानले ४० हजार ५१५ हेक्टर क्षेत्रफलमा मात्रै धान रोपेका छन्।

धानको पातमा असामान्य दाग देखिनु, पात तथा बोट सुक्दै जानु र बालीको वृद्धि रोकिनुजस्ता लक्षण देखिएकाले यस वर्ष धान उत्पादन घट्न सक्ने कृषि क्षेत्रका विज्ञहरूको अनुमान छ।

दुई अर्बको क्रिप्टो कारोबार आरोपमा धनुषाका युवा पक्राउ

दैनिक समाचारदाता

काठमाडौँ १२ कात्तिक । दुई अर्ब रुपैयाँभन्दा बढीको अवैध क्रिप्टोकरेन्सी कारोबार गरेको आरोपमा धनुषाका एक युवा पक्राउ परेका छन्। पक्राउ पर्नेमा सबैला नगरपालिका-१२ निवासी २८ वर्षीय सुनिलकुमार यादव रहेका छन्।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुका अनुसार यादवले 'बाइनान्स' एपमार्फत ठूलो परिमाणमा क्रिप्टोकरेन्सी कारोबार गर्नुका साथै अनलाइन सट्टेबाजी (बेटिङ) गराउने गरेको विशेष सूचना प्राप्त भएको थियो।

सोही सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सूक्ष्म निगरानी तथा प्राविधिक विश्लेषण गर्दा यादवले आफ्नो बाइनान्स खातामार्फत २ करोड ६९ लाख ९१ हजार ३८८ अमेरिकी डलर बराबरको कारोबार गरेको खुलेको प्रहरीले जनाएको छ। प्रतिडलर १५१ रुपैयाँ ५३ पैसाको विनिमय दरअनुसार उक्त रकम नेपाली रुपैयाँ दुई अर्ब १६ करोड एक लाख २० हजार ८२१ बराबर हुन्छ।

जिल्ला प्रहरी कार्यालय धनुषासँगको समन्वयमा यादवलाई पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि काठमाडौँ ल्याइएको हो। प्रहरीका अनुसार यादवविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-५ अन्तर्गत दफा १२५ (जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने) र दफा २६२(क)(१) (अभौतिक मुद्राको प्रयोग गर्न नहुने) सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ। यस सम्बन्धमा काठमाडौँ जिल्ला अदालत, बबरमहलबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले बिहीबार जानकारी दिनुभयो।

विभेद र अपारदर्शिता हटाउन अभियानको माग, अटेर गरे आन्दोलन गर्ने चेतावनी

दैनिक समाचारदाता

जनकपुरधाम, १२ कात्तिक । मधेश प्रदेशमा वन कर्मचारीको सरुवा प्रक्रियालाई लिएर विवाद चर्किएको छ। सरुवामा विभेद र अपारदर्शिता भएको आरोप लगाउँदै चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालले समायोजनपछि सरुवा हुन बाँकी कर्मचारीलाई तत्काल अन्य जिल्लामा खटाउन माग गरेको छ।

अभियानले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका सचिव राजीवकुमार झालाई अन्तिम ज्ञापनपत्र बुझाउँदै कर्मचारी सरुवामा समान मापदण्ड लागू गर्न र राजनीतिक तथा व्यक्तिगत स्वार्थका आधारमा सरुवा रोक्ने प्रवृत्ति अन्त्य गर्न माग गरेको हो।

अभियानका अनुसार वन रक्षक तहसम्मका केही कर्मचारीको सरुवा हुनु सकारात्मक भए पनि समायोजनपछि विभिन्न पदमा कार्यरत अन्य कर्मचारीको सरुवा प्रक्रिया अझै पारदर्शी हुन सकेको छैन। मन्त्रालयले निर्धारण गरेको सरुवासम्बन्धी आधार र मापदण्ड समान रूपमा लागू नगरिँदा कर्मचारीबीच विभेद भएको अभियानको आरोप छ। अभियानले सरुवा रोक्नुको कारण र त्यसका लागि अपनाइएको मापदण्डबारे मन्त्रालयसँग जवाफ माग गरेको छ। लामो समयदेखि एउटै जिल्ला र कार्यक्षेत्रमा कार्यरत कर्मचारीलाई अनिवार्य रूपमा अन्य जिल्लामा सरुवा गर्नुपर्ने तथा सरुवासम्बन्धी निर्णय वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउनुपर्ने माग पनि अघि सारेको छ।

त्यस्तै, सरुवा प्रक्रियामा देखिएका त्रुटि सच्याउन, महिला तथा नवप्रवेशी कर्मचारीमाथि हुने भनिएको विभेद अन्त्य गर्न र कर्मचारीलाई स्वाभिमानपूर्वक काम गर्ने वातावरण सुनिश्चित गर्न अभियानले आग्रह गरेको छ।

सरुवा भएका कर्मचारीलाई पुनः पुरानै कार्यालय वा साविककै जिल्लामा पदस्थापन गर्ने प्रवृत्तिले प्रशासनिक निष्पक्षतामाथि प्रश्न उठाएको अभियानको भनाइ छ। स्थानीय स्वार्थ समूह तथा माफियासँगको मिलेमतोका कारण सरुवा प्रक्रिया प्रभावित भएको आशङ्कासमेत अभियानले व्यक्त गरेको छ।

आफ्ना माग सम्बोधन नभए र सरुवा प्रक्रियामा देखिएको भनिएको अपारदर्शिताबारे मन्त्रालयले स्पष्ट जवाफ नदिए सार्वजनिक भण्डाफोरसहित आन्दोलनमा उत्रिने चेतावनी अभियानले दिएको छ।

यसैबीच, मन्त्रालयका सचिव झाले सरुवा हुन बाँकी कर्मचारीका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहमति लिएर प्रक्रिया अघि बढाइने बताउनुभएको छ।

सरुवा भइसकेका कर्मचारीले आन्दोलन वा अन्य दबाबका नाममा नयाँ कार्यस्थलमा नजाने अडान लिनु उचित नभएको उल्लेख गर्दै उहाँले सम्बन्धित कर्मचारीलाई यथाशीघ्र सरुवा भएको स्थानमा जान आग्रह गर्नुभयो। तोकिएको कार्यस्थलमा नगए कारबाही प्रक्रिया अघि बढाइने उहाँले चेतावनी दिनुभयो। अभियानले ज्ञापनपत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, कृषि, वन तथा वातावरण मन्त्रालय र मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत बोधार्थ पठाएको जनाएको छ।

जलवायु..........

भएकाले उनीहरूलाई यस अभियानको अगुवा बनाउनुपर्ने उनको धारणा छ।

सभामुख यादवले यसअघि यदुकुहा, जनकपुरधाम उपमहानगरपालिकालगायतका क्षेत्रमा रहेका क्याम्पसका विद्यार्थीमाझ पनि जलवायु परिवर्तनसम्बन्धी डिजिटल प्रस्तुति र संवाद सञ्चालन गरिसकेका छन्। युवा र महिलाको सोच, व्यवहार तथा दायित्वमा सकारात्मक परिवर्तन ल्याउन सके वातावरण संरक्षणको अभियानलाई प्रभावकारी बनाउन सकिने उनको विश्वास छ।

सिद्धार्थ कलेजका संस्थापक राजु साहले विद्यार्थीलाई वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा थप जानकारी दिने उद्देश्यले आगामी दिनमा बिदाको समयमा समेत छुट्टै अध्ययन तथा छलफलको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,

- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४